नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

# गैर आवासीय नेपाली नागरिकताको प्रमाणपत्रको लागि अवलम्वन गर्नु पर्ने प्रक्रिया र आवश्यक कागजातहरु

१. जुन जिल्लाबाट साबिकको नेपाली नागरिकताको प्रमाण पत्र जारी भएको हो सोही जिल्लामा गई गैरआवासीय नेपाली नागरिकताको प्रमाण पत्रको लागि आवेदन दिनु पर्ने ।

२. नागरिकता परित्यागको निस्सा पश्चात गैरआवासीय नेपाली नागरिकता आवेदनको लागि देहाए बमोजिमको कागजात सहित कार्यालयको नागरिकता शाखा (कोठा नं. १ ) मा सम्पर्क गर्नेः-

क) साबिकको नेपाली नागरिकता र राहदानी परित्याग गरेको प्रमाण,

ख) विदेशी मुलुकको नागरिकता/नागरिक भएको प्रमाण,

ग) हाल नागरिक रहेको मुलुकबाट लिएको राहदानीको प्रमाण पत्रको प्रतिलिपि,

घ) अनूसूची ८ ग. बमोजिम सम्बन्धित वडाको सिफारिस सहितको निबेदन,

ङ) अनूसूची ८ घ. बमोजिमको प्रतिबद्धता पत्र र अनूसूची ८ च. बमोजिमको सपथ,

च) सार्क सदस्य राष्ट्र बाहेकको देशमा बसोबास गरेको प्रमाण,

छ) निबेदकको नजिकको नाताभित्रको नातेदार नेपाली नागरिकता सहित सनाखतको लागि उपस्थित हुनुपर्नेछ । यदि नजिकको नातेदार नभएमा थप बुझी निजलाई चिन्ने नेपाली नागरिकताबाट सनाखत गराउन सकिनेछ ।

ज) जिल्ला प्रशासन कार्यालयले आवश्यकता अनुसार प्रहरीको स्थलगत सर्जमिन मुचुल्का लगायत अन्य माध्यमबाट थप बुझ्न सक्नेछ ।

झ) अनूसूचीहरुका लागि नागरिकता शाखा कोठा नं. १ मा सम्पर्न गर्न सकिनेछ ।

३. माथि बुँदा नं. २ (क) का सम्बन्धमा यदि नेपाली नागरिकता परित्याग नगरेको भए सक्कलै नेपाली नागरिकताको प्रमाण पत्र र राहदानी सहित नागरिकता शाखा कोठा नं. १ मा नागरिकता परित्यागको प्रक्रियाका लागि सम्पर्क गर्नु पर्नेछ ।

२०७०।६।३

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
भोजपुर

## विदेशी पुरुष नागरिकसँग विवाह गरेकी नेपाली महिला नागरिकको सन्तानले नेपाली नागरिकताको प्रमाण पत्र पाउँनका लागि आवेदन पेश गर्दा संलग्न गर्नु पर्ने कागजातहरुः

१. अनूसूची-७ बमोजिम सम्बन्धित वडाको सिफारिस सहितको निवेदन,
२. आमाको नेपाली नागरिकताको प्रमाण पत्र, मृत्यु भएको भए मृत्यु दर्ताको प्रमाण पत्र,
३. निवेदकको जन्म दर्ताको प्रमाण पत्र र शैक्षिक योग्यताको प्रमाण पत्र,
४. आमा र सन्तानको फोटो सहितको नाता प्रमाणित,
५. बसाईसराई गरी आएकाहरुको हकमा बसाईसराई दर्ता प्रमाण पत्र र जग्गाधनी लालपूर्जा/स्थायी बसोबास गरेको सिफारिस पत्र,
६. आमाको विवाह दर्ता समेतको पारिवारिक विवरण खुल्ने कागजात,
७. अनूसूची-७ क. बमोजिमको स्वघोषणा,
८. सम्बन्धित वडा तहको किटानी सिफारिस,
९. कार्यालयले आवश्यकता अनुसार प्रहरी सर्जमिन र अन्य प्रमाणहरु समेत बुझ्न सक्नेछ ।

२०८०।६।१२

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

# नेपाली महिला नागरिक (बाबुको पहिचान नभएको/हुन नसकेको) को सन्तानले नेपाली नागरिकताको प्रमाण पत्र पाउँनको लागि आवेदन पेश गर्दा संलग्न गर्नु पर्ने कागजातहरुः-

१. अनूसूची १ बमोजिम सम्बन्धित वडाको सिफारिस सहितको निबेदन,
२. आमाको नेपाली नागरिकताको प्रमाण पत्र, मृत्यु भएको भए मृत्यु दर्ता प्रमाण पत्र,
३. निबेदकको जन्म दर्ताको प्रमाण पत्र र शैक्षिक प्रमाण पत्र (जन्म दर्ता र शैक्षिक योग्यताको प्रमाण पत्रमा बाबु र बाजेको नामथर, वतन नखुलेको हुनुपर्नेछ ),
४. बसाईसराई गरी आएकोहरुको हकमा बसाईसराई दर्ताको प्रमाण पत्र र जग्गाधनी लालपूर्जा/स्थायी बसोबास गरेको सिफारिस पत्र,
५. आमा र सन्तानको फोटो सहितको नाता प्रमाणित पत्र,
६. आमाको विवाह दर्ता समेतको पारिवारिक विवरण खुल्ने कागजात,
७. अनूसूची-४ ख. बमोजिमको स्वघोषणा,
८. सम्बन्धित वडाको किटानी सिफारिस,
९. प्रहरीको स्थलगत सर्जमिन मुचुल्का समेत कार्यालयले थप बुझ्न आवश्यक ठानेका अन्य कागजातहरु ।

२०८०/६/१६

प्रशासकीय अधिकृत